# भुन्टीको भविष्य कथाको समाजशास्त्र

रेखा रेग्मी, उपप्राध्यापक, नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस बेनी
निर्मला ढकाल (विद्यावारिधि शोधार्थी) त्रिभुवन विश्वविद्यालय
Email: nirmaladhakal165@gmail.com

**लेखसार**

प्रस्तुत लेख भुन्टीको भविष्य कथाको विश्लेषण मीमांसावादी चिन्तक लुसिएँ गोल्डम्यानद्वारा साहित्यको समाजशास्त्रीय अध्ययनमा आधारित छ । यो लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यस लेखको सैद्धान्तसक अधार गोल्डम्यानको उत्पत्तिमूलक संरचनावादअन्तर्गत पर्ने विश्वदृष्टिसँग सम्बन्धित छ । लुसिएँ गोल्डम्यानले मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय रूप दिने काम गरेका छन् । समाजमा फरक फरक दृष्टिकोण र संस्कृति अँगालेका वर्ग र समुदाय हुन्छन् । त्यस्ता वर्ग र सुमदायको एउटा निश्चित दृष्टिकोण र मान्यता हुन्छ । उनीहरूको आफ्नै संस्कृति र विचारधारा हुन्छ । त्यही दृष्टिकोण, मान्यता वा विचारधारालाई त्यस वर्गको विश्वदृष्टि भनिन्छ । यस कथामा दलाल र तस्करको प्रभावमा परी राज्यले सामाजिक व्यवस्था, सुशासन, विधिको शासन र कानुनी राज्यको प्रत्याभूतिका नाममा प्रायोजित र आततायी ढङ्गले सञ्चालन गर्ने नरसंहार तथा त्यसले सिर्जना गर्ने आतङ्क र संत्रासमय वातावरणमा ज्यान जोगाएका आमबालबालिकाको अनिश्चित, अनिर्णित, भयावह र कारूणिक परिस्थितिलाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा आफ्नो कुनै पहिचान र विशिष्ट जीवनचेतना नभएका समुदायको पहिचान र वासस्थान दुवै नेपालका नक्सामा नरहेको वस्तुताप्रति आक्रोशित र प्रतिरोधात्मक विश्वदृष्टिको प्रस्तुतिसहित राज्यको दमनका कारण विस्थापित बनेका निरिह बालबालिकाको अन्योलग्रस्त भविष्यप्रति लक्ष्यित परिधीय विश्वदृष्टि पनि कथामा आएको विषयको विमर्शमा केन्द्रित छ ।

*शब्दकुञ्जी* : उत्पत्तिमूलक संरचनावाद, प्रभुत्वशाली संस्कृति, परावैयक्तिक चेतना सामाजिक संरचना, विचारधारा

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८९/१०/१४, लेख पुनरावलोकन मिति : २०८०/११/२४, लेख स्वीकृत मिति : २०८१/०१/०८
DOI: https://doi.org/10.3126/sahayaatra.v7i1.66220. Journal home page: https://nepjol.info/index.php/sahayaatra.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख कथाकार मनु ब्राजाकीको भुन्टीको भविष्य कथाको समाजशास्त्रीय विश्लेषणमा केन्द्रित छ । मनु ब्राजाकी (१९९९) को खास नाम चेतमानसिंह भण्डारी हो । आई. ए. सम्मको औचारिक शिक्षा हासिल गरे पनि स्वाध्यायनबाट आफ्नो ज्ञानको दायरालाई गहन तुल्याएका ब्राजाकी २०१९ सालमा भ्याङ कथा प्रकाशित गरी साहित्यमा प्रवेश गरेका हुन् । आधुनिक नेपाली कथाको नवचेतनावादी धाराका (श्रेष्ठ, १६५) सशक्त प्रतिभा ब्राजाकीका अवमूल्यन (२०३८), आकाशको फल (२०४२), तिम्री स्वास्नी र म (२०४६) र भविष्य यात्रा (२०५२) कथा सङ्ग्रहका अतिरिक्त विभिन्न पत्रपत्रिकामा फूटकर रूपमा प्रकाशित कथाका स्रष्टा हुन् । कथाका अतिरिक्त नेपाली गीत/गजल सिर्जनामा समेत कलम चलाउने ब्राजाकी साहित्यका अन्य विधाका तुलनामा आख्यान विधाअन्तर्गत पनि कथामा नै बढी केन्द्रित र सफल रहेका देखिन्छन् ।आधुनिक नेपाली कथा परम्परामा सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थका साक्ष्यमा कथा लेख्ने ब्राजाकीका कथामा आलोचनात्मक यथार्थ र नवचेतनावादी प्रवृत्तिभित्रको स्वैरकाल्पनिक प्रवृत्तिको पनि आंशिक प्रभाव देखिन्छ । सामाजिक, आर्थिक र वर्गीय शोषणको आधारभूमिमा कथा सिर्जना गर्ने ब्राजाकीका कथाभित्र सामाजिक, आर्थिक विषमता, शोषण र सामन्तवादी सामाजिक दूराचारबाट प्रताडित निमुखा वर्गको पीडा तथा ग्रामीण क्षेत्रमा आर्थिक सङ्कटबाट ग्रसित गरीब र निमुखा वर्गप्रति सहानुभूति मुखरित भएको पाइन्छ ।

यस लेखमा मीमांशावादी समाजशास्त्री चिन्तक लुसिएँ गोल्डम्यानको उत्पत्तिमूलक संरचनावादअन्तर्गत आउने विश्वदृष्टि विषयक सैद्धान्तिक मान्यताका आधारमा ब्रजाकीको भुन्टीको भविष्य कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ । मार्क्सवादी वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी मान्यतामा फरक दृष्टिकोण राख्दै आफ्नो साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय प्रारूप दिइएको प्रभावकारी दृष्टिकोण विश्वदृष्टिका रूपमा स्थापित रहेको छ । समाजमा फरकफरक विचार, मान्यता, दृष्टिकोण र संस्कृति अँगालेका वर्ग र समुदायमा विद्यमान दृष्टिकोण र मान्यताअनुरूप आएका संस्कृति र विचारधाराको समूर्तन स्वरूप ग्रहण गरी निर्माण हुने निश्चित वर्गको मान्यता, धारणा वा विचारधारा नै विश्वदृष्टि हो । ब्रजाकीको यस कथामा दलाल र तस्करको प्रभावमा परी राज्यले सामाजिक व्यवस्था, सुशासन, विधिको शासन र कानुनी राज्यको प्रत्याभूतिका नाममा प्रायोजित र आततायी ढङ्गले सञ्चालन गर्ने नरसंहार तथा त्यसले सिर्जना गर्ने आतङ्क र संत्रासमय वातावरणमा ज्यान जोगाएका आमबालबालिकाको अनिश्चित, अनिर्णित भयावह र कारूणिक परिस्थितिलाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ । यसै गरी सम्पन्न सामन्तवादी वर्गले विपन्न वर्गप्रति हेर्ने सहानुभूतिको दृष्टिकोण दृष्टिकोणमा मात्र सीमित रहेको तर तिनको सोच कार्यमा देखिने प्रतिकूलताबाट मुक्त हुन नसकेको विश्वदृष्टि पनि परिधीय रूपमा कथामा आएको छ ।

**समस्याकथन र उद्देश्य**

प्रस्तुत लेखको मुख्य समस्या मनु ब्राजाकीद्वारा लिखित भुन्टीको भविष्य कथामा अभिव्यक्त विश्वदृष्टको खोजी गर्नु रहेको छ । प्रस्तुत मुख्य समस्या र यससँग जोडिएर आउने अन्य परिधीय समस्या अन्तर्गत प्रस्तुत कथा रचनाको सन्दर्भ, कथा रचनाको सामाजिक अवस्था, र कथामा अभिव्यञ्जित विश्वदृष्टि के कसरी अभिव्यक्ति भएको छ भन्ने समस्यामा केन्द्रित रही अध्ययनलाई अघि बढाइएको छ । उपयक्रतु समस्याहरूको समाधान खोजी नेपाली समाजको असमान आर्थिक संरचना र वितरणका कारण सृजित विपन्नता र त्यसबाट प्रतयक्ष प्रभावित बनेका बालबालिकाको अनिर्णित भविष्यप्रतिको दृटिकोणका रूपमा विश्वदृष्टिलाई सर्जकले कथाका माध्यमबाट के कसरी प्रस्तुत गरेको छ भन्ने तथ्यको खोजीलाई नै उद्देश्यका रूपमा अगाडि सारिएको छ । अझ स्पष्टताका लागि अध्ययनको उद्देश्यलाई भुन्टीको भविष्य कथा रचनाको सन्दर्भ, कथाको सामाजिक सन्दर्भ कथामा अभिव्यञ्जित विश्वदृष्टिको निक्यौंल गर्नु मुख्य उद्देश्यका रूपमा रहेका छन् ।

**अध्ययनविधि**

प्रस्तुत लेखका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषणका लागि साहित्यको समाजशास्त्रीय चिन्तनअन्तर्गत मीमांसावादी धाराका अग्रणी चिन्तक लुसिएँ गोल्डम्यानको उत्पत्तिमूलक संरचनावादको केन्द्रीय मान्यता विश्वदृष्टिले अघि सारेको आधारभूत प्रस्थापनहरूलाई आधार बनाइएको छ । सामग्री सङ्कलन पश्चात् निगमनात्मक विधिबाट ब्राजाकीद्वारा रचित भुन्टीको भविष्य कथालाई आधार सामग्रीका रूपमा लिई प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यस क्रममा साहित्यको समाजशास्त्रीय चिन्तनका अन्य मान्यताहरूलाई नसमेटी लुसिएँ गोल्डम्यानद्वारा प्रस्तुत उत्पत्तिमूलक संरचनावादका अन्य दृष्टिकोणहरूलाई समेत छाडी विश्वदृष्टिका परिप्रेक्ष्यमा मात्र प्रस्तुत कथाको विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक आधार**

समाजशास्त्रीय अध्ययनमा विश्वदृष्टिको अवधारणा लुसिएँ गोल्डम्यानले स्थापना गरेका हुन् । साहित्यको समाजशास्त्रीय अनुशासनका संस्थापक मध्येका एक गोल्डम्यान (सन् १९१३–१९७१) साहित्यको समाजशास्त्रअन्तर्गत विश्वदृष्टि र यसका अन्तर्यमा समानधर्मिताको सिद्धान्त स्थापित गरेका हुन् । साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा दुईवटा विचारधाराहरू– विधेयवादी/दर्पणवादी धारा र मीमांसावादी धारा रहेका छन् । गोल्डम्यान मीमांसावादी धाराका सशक्त चिन्तक हुन् । मीमांसावादी धाराअन्तर्गत पर्ने मार्क्सवादी वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै उनले आफ्नो साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय प्रारूप दिने काम गरेका छन् (पाण्डेय, २०७३, पृ. १८) । यसै सन्दर्भमा उनलाई साहित्यिक समाजशास्त्री वा साहित्यको समाजशास्त्रका व्याख्याताका रूपमा चिनिन्छ । उनका

अध्ययनका मुख्य तीन स्रोत रहेका छन् जर्ज लुकासको आरम्भिक चिन्तन, पिजेको मनोविज्ञान र संरचनावाद उनले मार्क्सवादी द्वन्द्वात्मक एवम् वर्गीय दृष्टिकोण, युङ्को सामूहिक अवचेतन र साहित्यको संरचना प्रक्रियालाई जोडेर उत्पत्तिमूलक संरचनावादको विकास गरेका हुन् । लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राखेर उनले त्यसलाई विश्वदृष्टिका रूपमा परिभाषित गरेका छन् । समाजशास्त्रसम्बन्धी गहकिलो विचार व्यक्त गरिएका उनका दी ह्युमेन साइन्स एण्ड फिलोसोफी (१९५२) दी हिडन गड (१९६४) एस्से अन् दी सोसोलोजी अफ लिट्रेचर (सन् १९८०) जस्ता कृतिहरू प्रकाशित छन् ।

लुसिएँ गोल्डम्यानको मूल सिद्धान्त उत्पत्तिमूलक संरचनावाद हो जसमा साहित्य विश्लेषणका विभिन्न आधार र अवधारणा रहेका छन् । तीमध्ये विश्वदृष्टि उनको महत्त्वपूर्ण र चर्चित मान्यता हो । उनी के मान्छन् भने प्रत्येक कृति व्यक्ति लेखकको सिर्जना हुन्छ । कृतिमा लेखकका जीवनको वास्तविकता व्यक्त भएको हुन्छ तर त्यो पछि लेखकको वैयक्तिक नभएर समाजको अनुभूति बन्न पुग्छ । लेखकीय अनुभूतिको सामाजिक प्रारूप अर्थात् सामाजिक दृष्टिकोण नै विश्वदृष्टि हो । कृति लेखनको माध्यम मात्र लेखक हुन्छ तर त्यो लेखकको निजी विचार हुँदैन त्यो कुनै जाति, समाज विशेषको अनुभूति बन्न पुग्दछ । त्यसैले साहित्यिक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्छ अनि त्यो परावैयक्तिक चेतना लेखकको निजी निर्मिति हुँदैन (जैन, सन् १९९०, पृ. २३४)। त्यसको निर्माण प्रक्रियामा सम्बद्ध वर्ग वा समुदायका मानिसहरू सहभागी हुन्छन् र तिनको सहभागिता तथा अन्तर्सम्बन्धबाट त्यस वर्ग वा समुदायको पूर्णतम् सम्भावित चेतनाका रूपमा विश्वदृष्टिको निर्माण हुन्छ । गोल्डम्यानका अनुसार एक वर्ग वा समूहको जीवनजगतका बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यसको विकास कुनै समूह वा वर्गले सामाजिक ऐतिहासिक प्रक्रियामा गर्छ । एक्लो व्यक्तिको विचार वा संवेग जतिसुकै आकर्षक भएपनि त्यसबाट विश्वदृष्टि निर्माण हुँदैन किनभने व्यक्ति विशेषका विचार वा अनुभूति अत्यन्त सीमित प्रकारका हुन्छन, त्यसमा सङ्गति र पूर्णताको अभाव हुन्छ । त्यसैले विश्वदृष्टि बन्नाका लागि सामूहिक सहभागिता र अन्तक्रिया आवश्यक हुन्छ । वास्तवमा व्यक्ति/मान्छेहरूले एउटा सामूहिक चेतनाको संरचना निर्माण गर्दछन् (पाण्डेय, २०७३, पृ. १८) । समाजमा घटेका अथवा समाजमा घट्ने घटनाहरुलाई कुनै पनि कृतिले समेटेको छ कि छैन भन्ने कुरा नै विश्वदृष्टि हो ।

व्यक्ति एक्लैको विचार वा दृष्टिले सिङ्गो समाजको विचार प्रकट हुन नसक्ने हुनाले समाजको विचार बुझ्नु अपरीहार्य हुन आउँछ । कुनैपनि विष्याका सम्बन्धमा समाजका व्यक्तिको समान अवधारणा केकस्तो छ त्यसले नै विश्वदृष्टिको मतलव राख्दछ । त्यसैले ऐतिहासिक कालखण्डका निश्चित र समान सामाजिक आर्थिक ढाँचामा रहँदा निश्चित र समान समूहका मानिसको त्यसप्रतिको अवधारणात्मक प्रतिक्रिया नै विश्वदृष्टि हो । यसलाई त्यस परिस्थितिप्रति समूह विशेषका मानिसको सोचाइ, अनुभव र व्यवहारको समग्रताका रूपमा लिन सकिन्छ (पाण्डेय, २०७३, पृ. १८) । विश्वदृष्टि भनेकै मानिसका जीवनका सोचाइ, भोगाइ तथा व्यवहारको समग्र रुप हो । मानिसले जीवन निर्वाह गरेको परिस्थितिप्रति एक जना मानिसको मात्रै नभएर समग्र मानिसहरुको त्यस परिस्थितिकाप्रतिको विचार तथा अनुभव नै विश्वदृष्टि हो । कुनैपनि कुरा अथवा ककाम विशेषलाई समग्र जनले कसरी हेर्दछन कस्तो विचार व्यक्त गर्दछन भन्नु नै विश्वदृष्टि हो । यसरी सामूहिक चेतनारूपी विश्वदृष्टिको निर्माण हुँदा उही समुदायभित्र फरकफरक दृष्टिकोण हुन पनि सक्छ तर सामूहिक चेतनासँग त्यसको समायोजन नहुँदा त्यो वहिष्कृत जस्तै हुन्छ । गोल्डम्यानले प्रारम्भमा यसलाई त्यति महत्त्व दिएनन् तर पछि कृतिको व्याख्यामा त्यस्ता वहिष्कृत विचार वा चेतनालाई पनि हेर्न सकिने दृष्टिकोण अगाडि सारेका छन् ।

विश्वदृष्टि दर्शक, कला र साहित्यमा भिन्नभिन्न रूपमा प्रकट हुन्छ तर मूलमा यसको रूप एउटै हुन्छ । यो विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गका विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ । "विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ तर त्यो दर्शन, कला र साहित्यमा व्यस्त हुन्छ । त्यसैले विश्वदृष्टिको खोजको आरम्भ कृतिबाट हुन्छ, वर्गको अध्ययनबाट हुँदैन" (पृ. १९) । विश्वदृष्टि मानव भोगाइ, मानव विचार तथा मानवका अनुभवहरुबाट प्राप्त हुने भएतापनि यसको खोजको आरम्भ साहित्यिक कृतिबाट हुन्छ किनकी इउटा साहित्यिक कृतिले समग्र विश्वदृष्टिको भाव

समेटेको हुन्छ । एउटा साहित्यिक कृतिमा कुनै ठाउँ विशेषको विषयवस्तुमा सम्पूर्ण त्यस स्थानमा बसोबास गर्ने मानिसहरुको विचार व्यक्त हुने हुनाले विश्वदृष्टि केवल एउटा कृतिमा पाउन सकिन्छ र विश्वदृष्टिको खोज कृति अध्ययनबाट हुन्छ । दर्शन, कला र साहित्यमा आएको विषयवस्तु नै समग्रमा जगतको विश्वदृष्टि हो । यसलाई उनी विचारधारा वा वर्गचेतना मान्दैनन् । उनी विचारधारालाई छद्म चेतना भन्छन् अनि वर्गलाई आर्थिक वर्गका रूपमा होइन; सामाजिक वर्गका रूपमा लिन्छन् (पृ. १९) । समाजमा छरिएर रहेका अनेकानेक वर्ग तथा विचारधारामा एकरुपमा पाउन सकिदैंन । विश्वदृष्टि वर्ग चेतना नभएर व्यक्तिचेतना हो एक व्यक्तिले आफ्नो जीवन भोगाइमा कस्तो प्रकारको अनुभव गर्दछ र कस्तो विचारधारा प्रस्तुत गर्दछ भन्ने अर्थ राख्दछ । वर्गलाई आर्थिक वर्गका रुपमा नलिई सामाजिक वर्गका रुपमा लिनुपर्छ समाजमा विभिन्न सामाजिक मूल्य र मान्यताको जड रहेको हुन्छ । आर्थिक रुपले सम्पन्न तथा विपन्न वर्ग दुई वर्गले समाजमा अधिपत्य गाडेको हुन्छ । वास्तवमा सामाजिक विचारधारा बोकेका सामाजिक वर्गले मात्रै विश्वदृष्टि लगाउन सक्छ ।

समाजमा विश्वदृष्टि कसरी बन्छ भन्ने सन्दर्भमा समाजमा कुनै एउटा वर्ग वा समुदायले अर्को वर्ग वा समुदायसँग विभिन्न किसिमका सम्बन्धहरू बनाउँछ । त्यस्तै एउटा परिवेशको मानिसले अर्को परिवेशको मानिससँग सम्बन्ध बनाउँछ र अन्तर्क्रिया गर्छ । यस क्रममा भिन्नभिन्न पेसा, वर्ग, परिवार, परिचित, अपरिचित, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका समूहभित्र प्रत्येकले एकअर्काको चेतनामा प्रभाव पार्छन् र एउटा अनौठो जटिल तथा विशृङ्खल संरचनाको निर्माण गर्छन्; त्यस्तो अवस्थामा एउटै विचारको निर्माण हुँदैन । यस प्रक्रियामा समान परिवेशका अर्थात् सजातीय मानिसहरूको समूहभित्र भने समभाव र समविचारको एउटा व्यवस्था/संरचनाको निर्माण सम्भव हुन्छ तर त्यसभित्रै पनि एकका विचारले अर्काका विचारलाई काट्छन् र तिनका विचारमा अन्हुन्छ र कम अनुभवसिद्ध, कम यथार्थिक विचार वहिष्कृत हुन्छन् र अन्ततः एउटा सुसङ्गत र सुबद्ध चेतनाको निर्माण हुन्छ र यही चेतना विश्वदृष्टि बन्न पुग्छ । त्यसक्रममा जुन चेतना सङ्गतिपूर्ण छैनन् ती हराएर जान्छन् तर एकपटक एउटा विश्वदृष्टि बनिसकेपछि त्यो सधैँ कायम रहँदैन । विश्वदृष्टिको पनि परिवर्तन हुने प्रक्रिया चलिरहन्छ । जसरी सामाजिक सम्बन्ध र संरचनामा पुरानो सन्तुलन भत्किने र नयाँ सन्तुलन कायम हुने प्रक्रिया चल्छ त्यसरी नै त्यसैको सापेक्षतामा विश्वदृष्टिको पनि भत्किने र बन्ने क्रम चलिरहन्छ ।

गोल्डम्यानका अनुसार कुनै वर्गको विश्वदृष्टिको संरचना र कृतिभित्र रहेको संसारको संरचनामा समानधर्मिता हुन्छ । समाजशास्त्रीहरू यही समानधर्मिताको खोजी गर्दछन् भन्ने दृष्टिकोण तिनको छ । महान रचनामा यो समानधर्मिता सबैभन्दा बढी हुन्छ । उनले सामान्य अनुभवदेखि भिन्न विशुद्ध काल्पनिक परिकथामा पनि संरचनाका स्तरमा एउटा वर्गको जीवन विषयक अनुभवसँग समानधर्मिताको सम्भावना हुन सक्छ (पाण्डेय, सन् १९८९, पृ. १५०) भन्ने चर्चा गरेका छन् । साहित्य समाजको दर्पण हो यही कारण समाजमा घटित हुने घटना तथा सामाजिक जनजीवनले जस्तो विचारधारा राख्दछ त्यस्तै विचारधारा कृतिमा आएको हुन्छ । समाजको यथार्थता र कृतिमा निहित कथावस्तुले समान अर्थ तथा दृष्टिकोण राख्दछ भने त्यहाँ समानधर्मिता कायम भएको हुन्छ ।

कृति कृतिकार समाज र सामिजक संस्कृतिबीच अन्येन्याश्रित सम्बन्ध स्थापित भई साझा अभमतको निरमाण हुनु समानधर्मिताको अभिलक्षण हो । अर्को प्रकारले भन्दा कृतिभित्रको संसार र समाजमा देखिने विश्वदृष्टि र त्यसको निर्माण प्रक्रियाले बाहिरको वास्तविक संसार/समाजभित्र पाइने विश्वदृष्टि र त्यसको निर्माण प्रक्रियासँग साधर्म्य/समानधर्मिता राख्नुपर्दछ । यही साधर्म्यलाई गोल्डम्यानले संरचनको समानधर्मिता भनेका छन् । यही संरचनाको समानधर्मिताको खोजी सहित्यको समाजशास्त्रमा गरिन्छ (उप्रेती, २०६८, पृ. ३९) । समाजमा भएका घटनाक्रम अर्थात भनौं समाजको संसार र कृतिभित्रको संसारविच समानधर्मिता भयो भने मात्रै साहित्यिक विश्वदृष्टिको चारतम्य मिल्न जान्छ । कृतिभित्रको संसार र सामाजिक विश्वदृष्टिको संयोग मिलेपछि संरचनाको समानधर्मिता कायम हुनजान्छ र संरचनाको समानधर्मिताको खोजी समाजशास्त्रले गर्दछ अथवा समाजशास्त्रमा गरिन्छ । साहित्यकारले रचनामा अभिव्यक्त गरेको वर्ग, समुदायको विचार, समाजमा रहेको वर्ग र समुदायको विचारका बीचको सम्बन्धबाट कृतिको समानधर्मिता छुट्टिने कुरा पनि गोल्डम्यानको रहेको छ । साहित्यमा व्यक्त यही विचार र सामुहिक चेतना नै विश्वदृष्टि हो ।

गोल्डम्यानद्वारा प्रतिपादित विश्वदृष्टि साहित्यको समाजशास्त्री अध्ययनको अवधारणा हो । विश्वदृष्टि भनेको समाजमा निर्मित सामूहिक चेतना तथा जीवन र जगतको सुसङ्गत दृष्टिकोण हो । साहित्यकारले अभिव्यक्त गरेको विचार समाजको सामूहिक विचारहरूको अभिव्यक्ति हो (गोल्डम्यान, १९८०, पृ. १११) । विश्वदृष्टिको अध्ययन साहित्यको समाजशास्त्रले मात्रै गर्दछ । साहित्यकारले जस्तो खालको विचार व्यक्त गर्दछ त्यो सामुहिक समाजको विचार हो । सामजिक जनजीवन, विचार, अभिव्यक्ति सम्पूर्ण कुराहरु साहित्यिक विश्वदृष्टि अन्तर्गत पर्ने अवधारणा हुन । समाजमा घटिन हुने घटनासँग समाजमा बस्ने मानिसहरु प्रत्यक्ष प्रभावित हुन्छन र आफ्ना विचारधारा प्रस्तुत गर्दछन् । एउटा साहित्यकारण व्यक्त गरेको विचार तिनै समाजका झुण्डहरुको संयुक्त विचार हो । समाजमा रहेका साझा विचार मूल्यमान्यताहरू भएकाले सिर्जना पनि सामाजिक सामूहिकताको साझा प्रस्तुति हो भनी (पाण्डेय, २०७३, पृ. १८) ले पुष्टि गरेका छन् । मानिस सामाजिक प्राणी भएकोले समाजमा बस्छ र समाजिक मूल्य मान्यतालाई स्वीकार गर्दै जीवनयापन गरिरहेको हुन्छ ।

द्रष्टाभूमिकामा एउटा साहित्यकार पनि समाजभित्रकै पारितोषिक हो । समाजमा विद्यमान साझा विचार र मूल्यमान्यता साहित्यमा समावेश भएका हुन्छन् साहित्यमा प्रस्तुत भएका हुन्छन् । विश्वदृष्टि साझा विचार हो यी साझा विचारहरु साहित्यमा समावेश भएका हुने हुनाले सिर्जना सामाजिक सामूहिकताको साझा प्रस्तुति हो । गोल्डम्यानका अनुसार कुनै पनि कलाकृतिको व्याख्या व्यक्तिगत भावना सन्दर्भमा गर्नसकिँदैन, यसलाई केवल समूह चेतनाको संरचनाका सन्दर्भमा नै बोध गर्न सकिन्छ (रूथ, १९९२, पृ. १२०) । कृतिमा कुनै एक व्यक्तिगत भावना भन्दापनि सामुहिक भावना अभिव्यक्त भएको हुन्छ । सामुहिक चेतनामा के कुरा पाउन सकिन्छ त्यसको समष्टिरुप नै कलाकृतिमा आएका हुनेहुनाले कुनैपनि कलाकृतिको व्याख्या सामुहिक चेतनाको संरचनाका सन्दर्भमा बोध गर्न सकिन्छ । सामुहिक चेतना नै वास्तवमा विश्वदृष्टि हो । व्यक्तिगत भावनामा डुबेर गरिएको व्याख्याले सम्पूर्ण जगतको प्रतिनिधित्व गर्न सकिदैंन । त्यसकारण सम्पूर्णता ओगट्न सक्ने जन विचारलाई मात्रै कृतिमा समावेश गराउन सकिन्छ । कथ्य विषयलाई विश्वदृष्टि दिदन सकिन्छ । कृतिमा व्यक्त विश्वदृष्टिले वर्ग वा समूहको विश्वदृष्टिको प्रतिनिधित्व गर्दछ । समाजमा भएको आम धारणागत मूल्यका सापेक्षतामा साहित्यिक कृतिमा राखिएको समान विचारलाई नै विश्वदृष्टि मानिन्छ ।

विश्वदृष्टिमा अध्ययन गरिने एउटा विषय समानधर्मिता हो । समानधर्मिताको अभिप्राय समाजमा विद्यमान साझा अवधारणा र कृतिमा प्रस्तुत अवधारणाबीचको समानता हो । साहित्यिक कृतिमा समाजको सामूहिक दृष्टिकोणको अभिव्यञ्जना भएको हुन्छ भन्ने मान्यताका आधारमा विश्वदृष्टिलाई साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने अनुशासनका रुपमा लिइएको हो । कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको समानधर्मिता हुन्छ । अर्थात् समाजको आम सोच र विचारको साहित्यमा भएको प्रतिबिम्बनको दुरूस्त रूप नै समानधर्मिता हो । विश्वदृष्टिको विवेचना गर्ने क्रममा गोल्डम्यानले समानधर्मिताको उल्लेख गरेका र कुनै पनि कृतिभित्रको संरचनासँग समाजको कुनै वर्गको संरचनाले समानधर्मिता कायम गरेको हुने कुरामा जोड दिएका छन् । यो गोल्डम्यानको मार्क्सवाद प्रभावित तर सामान्य सामाजिक दृष्टिचेतको परिणाम पनि हो । समाजमा पूँजीपति वर्गको सामुहिक आवेग अभिव्यक्त भएको हुन्छ भन्ने (कडवेल, सन् १९९०, पृ. ७२) को भनाइ यहाँ महत्त्वपूर्ण मानिन्छ । विश्वदृष्टिको व्याख्याका क्रममा समानधर्मिताको कुरा आउँदछ । समाजको विषय र कृतिभित्रको विषयमा भएका समानता नै समानधर्मिता हो ।

साहित्यक कृतिमा निहित लेखकीय विचार तथा समाजको सामाजिक विचारकाविच संसक्ति कायम हुनु समानधर्मिता हो । सामाजिक मूल्य मान्यता, नियक कानुन काइदाबाट अभिव्यक्त भएका विचार तथा लेखकीय विचारको एकरुपताबाट नै समधर्मिता कायम हुन्छ कुनै वर्ग, जाति अथवा सामाजिक नियमबाट आएको विचारधारा तथा कृतिबाट आएको चिारधाराले समाधर्मिता कायम गर्दै कुनै विचार व्यक्त गरेको हुन्छ । गोल्डम्यानले कृतिमा रहेको समाजका वर्गसाम्य दृष्टिकोणलाई संरचनाको समानधर्मिता भनेका छन् । साहित्यको अध्ययनमा यही समानधार्मिताको खोजी गरिन्छ । । कृतिभित्र जीवनानुभवसँग समानधर्मिताको सम्बन्ध हुने र महान रचनामा यस्तो समानधर्मिता धेरै हुने गोल्डम्यानको ठहर

रहेको छ । (पाण्डेय, २०७३, पृ. १९) । समाजमा व्याप्त वर्गीय विभेद तथा यससम्बन्धी दृष्टिकोण कृतिमा निहित दृष्टिकोणबिचको समानता नै समानधर्मिता हो । समाजिक दृष्टिकोण र कृति संसारकाविचको दृष्टिकोण समानरुपले रहेको कृति नै वास्तवमा महान कृति हुने गर्दछ । अतः समानधार्मिताले समाजको सत्यता र यथार्थता कृतिभित्र प्रतिबिम्बित भएको अवस्थालाई बुझाउँछ । यस लेखमा विश्वदृष्टिको यही मान्यताका आधारमा भुन्टीको भविष्य कथाको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**नतिजा र विश्लेषण**

प्रस्तुत कथा पञ्चायती राज्य संयन्त्रबाट प्रताडित सामाजिक तथा राजनीतिक सन्दर्भसँग जोडिएको कथा हो । असमान आर्थिक वितरणबाट पीडित रहेका पहाडी ग्रामीण समुदायबाट सहज जीवनयापनको खोजीका लागि तराई क्षेत्रमा स्थानान्तरित भईं आर्थिक समस्या कै कारण झोडा फाँडेर जीवनको आधार खोज्ने भूमिहीन सुकुम्बासीको जीवनपद्धतिलाई विषयका रूपमा चयन गरी यस कथाको आख्यान संरचित रहेको छ । राज्यको दमनका कारण बालबालिकाको मानसिकतामा कस्तो भयको सिर्जना हुन्छ र तिनको मानसिकतामा अभाव र दैन्यस्थितिका बाबजूद् पनि यथास्थितिलाई बिर्सेर हाँस्नसक्ने अद्भूत सामर्थ्यको चित्रणलाई कथाकारले प्रथमिकता दिएका छन् । यात्राका क्रममा भेटिएकी बालिकाको माध्यमबाट पञ्चायतकालीन समयमा राज्यले गरिब जनतामाथि गर्ने नृशंश दमनको शैली र जनताप्रति राज्यको रवैयालाई चित्रण गरिएको प्रस्तुत कथा आलोचनात्मक विचारधाराको प्रतिनिधित्व गर्न सफल कथाको रूपमा स्थापित रहेको छ ।

**भुन्टीको भविष्य कथाको सामाजिक सन्दर्भ**

नेपालको पूर्वी तराईमा अवस्थित राजमार्गको उत्तरतर्फ रहेको चूरे पर्वतशृङ्खला तथा दक्षिणतर्फको फाँटमा लगाइएको मकैबाली एवं गाउँमा मेला लागेको प्रसङ्गले हिउँदकालीन समयको यात्रावृत्तान्तको अंशका रूपमा कथाको कथ्य आएको छ । यात्राका क्रममा चारघण्टाको बस यात्रापछि थप दुईघण्टा हिंडेर मात्र आफ्नो गन्तव्यमा पुगिने कथाको समाख्याताको आशयले गाउँका दूरदरारसम्म विस्तार भइनसकेको यातायात सञ्जालको अवस्थाले अल्पविकसित समय सन्दर्भलाई सङ्केत गरेको छ । कथाको समाख्याताले क्षमताभन्दा बढी यात्रु बोकेको बसमा घचेटाघचेट गर्दै चढेका यात्रुका बीचमा बस चढ्नकै लागि अनुनय गरिरहेकी बच्चीको प्रवेश, गराई कथालाई अग्रगति प्रदान गरेका छन् । बसमा नचढाउने सञ्चालकको अठोट, यात्रीमाझ उत्पन्न प्रतिक्रियात्मक दवाबका कारण चालकले चढाउन दिएको आदेश र बच्चीको सुरू भएको यात्राको सन्दर्भलाई उठान गर्दै कथाले तराई क्षेत्रको सामाजिक व्यवहार अवस्थालाई बोध गराएको छ । ग्रामीण समाजमा मनोरञ्जन स्थलको व्यवस्था नहुँदा मेला, पर्व, जात्रा आदिमा बोर्डर पारीबाट आएको नौटङ्की हेरेर मनोरञ्जन लिने तत्कालीन समयमा त्यस्ता संस्कृतिक सन्दर्भको महत्त्व र त्यसमा ग्रामीण समुदायको सहभागितालाई कथामा चित्रण गरिएको छ । आर्थिक अभावका कारण बस चढ्नसमेत नपाउने बालबालिकाको अवस्थाले नेपाली समाजमा रहेको विभेद बञ्चितीकरण र आम जनताको आर्थिक हैसितयलाई देखाउने बलियो आधार प्रस्तुत गरेको छ । आर्थिक असमानता, ग्रामीण क्षेत्रमा वैकल्पिक आयआर्जनको व्यवस्था नहुँदा बसाइँ सरेर जिजीविषालाई नै जीवनको साध्य मान्ने गरिब भूमिहीनलाई न्यूनतम आधारभूत आवश्यकताको साटो तिनीहरू माथिको नृशंश दमनले सिर्जना गरेको भयावह अवस्था र आवासविहीनताको सन्दर्भलाई कथामा संयोजन गरिएको छ । यस कथाले राज्यसँग भूमिहीनहरूका विषयमा कुनै पनि ठोस नीति नहुनु तथा उनीहरूका लागि वैकल्पिक पुनर्वासको व्यवस्था नगरी तिनका बासस्थानमा आगो लगाई आवासविहीन तुल्याई त्यसबाट प्रत्यक्ष प्रभावित बनेका बालबालिकाको अन्योलग्रस्त भविष्यको सङ्केत र त्यसको अभ्यन्तरमा रहेको कहाली लाग्दो यथार्थलाई उद्घाटन र तथा असामाजिक कार्यप्रतिको आख्यानीकरणले पूर्णता प्राप्त गरेको छ ।

**भुन्टीको भविष्य कथामा विश्वदृष्टि**

प्रस्तुत भुन्टीको भविष्य कथा पञ्चायतकालीन सामाजिक राजनीतिक सन्दर्भसँग जोडिएर आएको घटनामा आबद्ध कथा हो । असमान आर्थिक संरचनाबाट निर्देशित सामाजिक व्यवस्थाभित्र जीवन निर्वाह गर्न आफ्नो जन्मभूमि र थातथलोमा जीविकाका सम्भावना र अवसर शून्य भएपछि प्रवासिन बाध्य भएका नेपालीहरूको बाध्यात्मक

परिस्थितिलाई प्रभावकारी रूपमा कथामा उतारिएको छ । जिजीविषा र बाँच्ने सामान्य आधारभन्दा माथि केही नसोच्ने विपन्न आर्थिक दुरावस्था तथा सङ्घर्षका बाबजूद् कष्टपूर्ण जीवन बाँच्न विवश समुदायको जीवनशैलीमा भय र आतङ्कको वातावरण सिर्जना गरी आफ्नो स्वार्थका लागि समाजमा क्रियाशील सामन्तहरूको कृत्यबाट आक्रान्त सामाजिक संस्कृति तथा तिनका पहरेदारहरूको आततायी कार्यले सृजना गरेको भयावह स्थितिले विस्थापित र कतिपय अवस्थामा बाँच्नसम्म नपाएको परिस्थितिबाट उत्पन्न सन्नाटालाई सूच्य तर मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । गाँस, बास र कपासको आधारभूत आवश्यकता जोहो गर्न सारा जीवन खर्चिई देशका विभिन्न भूभागबाट आफ्नो थातथलो छाडेर स्थानान्तरण भई आएका मानिसहरूका बारेमा कथाको समाख्याता भन्दछ : 'मानिसको जीवन पनि विचित्रको हुँदो रहेछ । आजीविकाको खोजीले कहाँबाट कहाँ पु-याउँदो रहेछ ! कुन तातोपानीबाट आएर कुन गरमपानीमा खोरिया फाँडेर बस्नुपरिरहेछ । भोजनको खोजीले नै मानिसलाई विश्वभरि फिँजाइदियो' (ब्राजाकी, २०६८ : १७६–१७७) भूमिहीन सुकुम्बासीको निरन्तरको सङ्घर्षबाट उठ्न नसकेको आर्थिक अवस्था र नसुधारिएको जीवनपद्धतिमा आवश्यक रहेको राज्यको संरक्षण र सहानुभूति त के तिनै सुकुम्बासीका विरूद्ध राज्यले सञ्चालन गरेको चरम दमन र शृङ्खलाबद्ध नरसंहारले उत्पीडितका मानसिकतामा सृजित भय, सन्त्रास र आतङ्कको संयमित चित्रण कथामा भएको छ ।

यात्रावर्णनअन्तर्गत अति सामान्य बसयात्राको प्रसङ्गवाट सुरू भएको यस कथामा ग्रामीण समुदायले मनोरञ्जन लिनका लागि स्थानीयस्तरमा सञ्चालन हुने मेला, पर्व, जात्रा आदिको आयोजना हुनुपर्ने तथा त्यसका लागि लामो समयसम्म कुर्नुपर्ने परिस्थितिप्रति लक्ष्यित गर्दै कथाको समाख्याताले भन्छ : 'वर्षमा दुईचार पटक यस्तै मूतको न्यानोबाट आफ्नो कठोर र विपन्न जीवनको कमाउँदो हिमदंशबाट मुक्तिको असफल प्रयत्न गर्दछन्' (पृ. १७२) । यात्राका क्रममा बसमा चढेका यात्रीहरूका बीचको क्रियाप्रतिक्रियाका बीच भयग्रस्त अनुहार भएकी एउटी सानी केटीको बस चढ्नका लागि गरेको अनुनय, उक्त केटीका विषयमा यात्रीबीचमा चलेका विभिन्न तर्कवितर्कसँगै उसको बसमा आगमन, ठूलो यात्रीको समूह मेला लाग्ने स्थानमा ओर्लिएपछि उक्त केटीको बसभाडा म पात्रले तिरिदिने वचनबद्धतासँगै अभिभावकीय सामीप्यता पाएकी बच्चीको मानसिकतामा विद्यमान डरमा आएको कमीले म पात्र र भुन्टी (म पात्रले दिएको नाम) बीचको संवादले उसको गन्तव्यलाई पुष्टि गरेको छ 'कहाँ हो नानी तिम्रो घर, सखुबनी टोल । उसले मतिर टिठलाग्दो दृष्टिले हेर्दै भनी बाघमारा पञ्चायतको मखुबनी टोल, हो, काका म त्यहीं जान्छु । हकानिँदै उसले भनी' (पृ., १७४)' । कथामा भुन्टी को हो ? कहाँबाट आएकी हो ? किन गएकी थिई ? भन्ने जिज्ञासामा उसको अनुहार र मानसिकतामा देखिएको भय र संत्रासले उसको जीवतमा तत्काल घटित भयावह परिस्थितिलाई सजह अनुमान लगाउन सकिने स्पष्ट आधार देखिए पनि उसैको मुखबाट वास्तविकता संज्ञान लिन म पात्रले चाहेको गरेकी भुन्टीको कथनलाई समाख्याताले यसप्रकार प्रस्तुत गरेको छ

> जो साँझमा सिपाईंहरू र साहेबहरू हाम्रो सानीमाको टोलमा सबैलाई समात्छु भनेर आएका थिए, अनि डराएर सबै भागाभाग गरे । टोल जम्मै डढाएर खरानी पारिदिए । म दिसा बस्न बारीमा गएकी थिएँ, त्यहीं लुकेर बसें ... रातभरि डरले त्यहीं लुकेर बसें । बिहानसम्म पनि कोही फर्केर आएनन् । अनि म घर जान भनेर बस चढ्न रोडमा आएकी थिएँ (पृ., १७५) ।

यसप्रकार जिजीविषाका लागि आफ्नो थातथलो छोडेर बसाइँ सरेर तराई झरी झोडा फाँडेर आवाद गरेको क्षेत्रलाई कर्मथलो बनाई जीवननिर्वाह गर्ने निम्नवर्गीय भूमिहीनमाथि सरकारका मतियार र हिमायतीको प्रत्यक्ष संलग्नतामा बस्ती उजाड पारेर बसोबास गरेका समुदायलाई आततायी ढङ्गले विस्थापित गर्ने राज्यको नीतिका कारण संत्रस्त परिस्थितिमा बाँच्न विवश समुदायको नाजुक अवस्थाको चित्रण कथामा भएको छ । नेपालको चूरेक्षेत्र र चारकोशे झुपडीलाई आफ्नो कमाइखाने साधनको रूपमा उपयोग गरिरहेको भूमाफिया र तस्करको झुण्डले आफ्नो वास्तविकतालाई ढाकछोप गर्दै राज्यको उपल्लो नीतिनिर्माण र कार्यान्वयनको तहसमेतलाई प्रभाव पारी पहुँच, प्रतिष्ठा र शक्तिका आडमा निम्नवर्गीय समुदायमाथि गरिएको दमन र अत्याचारको प्रतिकारमा उत्रने समुदायलाई पञ्चायती व्यवस्थाका पहरेदार सिपाहीं र साहेब अर्थात् उच्चपदस्थ अधिकारीलाई प्रत्यक्ष संलग्न गराई सिर्जना गरिएको घृणित कार्यबाट उत्पन्न आतङ्क र सन्त्रासको शिकार भएका

अनगिन्ती भूमिहीन सुकुम्बासीको मर्माहत पीडा कथामा अभिव्यक्त भएको छ । आफूलाई परेको अन्यायलाई चूपचाप सहन विवश समुदायले सहन बाध्य राज्य प्रायोजित आततायी आतङ्कबाट सृजित भयावह स्थितिको चित्रण गर्दै कथाको समाख्याताले भन्छ :

अनि माझीबार छिचोल्ना साथ जुन दृश्य देखापऱ्यो, त्यो स्तब्धकारक थियो , हाम्राअगाडि पच्चीसतीस घर थिए । घर कहाँ थिए र डढेर कोइला बनेका काला खाँबाहरू र पिँढीका ढिस्काहरूबाट नै घरका सङ्ख्याको अनुमान हुन्थ्यो । कतै कोही थिएन । सम्पूर्ण टोलका घरहरू डढेका चिता झैं हाम्रा सामु सजिएका थिए र त्यहाँ मसानघाट झैं चकमन्नता थियो । (पृ, १७७)

यसरी यस कथामा तत्कालीन सरकारी संयन्त्रको बसाइँसराइसम्बन्धी अस्पष्ट र योजनाविहीन नीति, भूमाफिया र तस्करले जङ्गललाई आफ्नो स्वार्थपूर्ति एवं आयआर्जनको स्रोत बनाएको तथा त्यस्ता राज्य संरक्षित माफियाका कार्यलाई संरक्षण गर्ने राज्यको रणनीति र त्यसको पृष्ठपोषण गर्ने प्रवृत्तिले जन्माएको नृशंसता र मानवताहीन कार्यले सिर्जना गरेको भयावह परिस्थितिले अनाथ बनाएका बालबालिकाको अनिश्चित र अनिर्णित भविष्यतर्फ सङ्केत गर्दै समाख्याताले भन्छ :

'भुन्टीको भविष्य हेर्न म मनमनै नेपालको नक्सा पल्टाउँछु कहाँ छ सखुबनी टोल ? कहाँ छ तातापानी ? एक्कासी हाम्रो टाउकोमाथि हुच्चिल कराउन थाल्छ भुन्टी डाँको छोडेर रून थाल्छे ।
म पागल झै अगाडि बढेर भुन्टीलाई अँगालो हाल्छु,
लाग्छ, नितान्त एक्लिएकी नेपाल आमा रोइराखेकी छ' (पृ. १७८) ।

यस साक्ष्यमा राज्यको जनताप्रतिको गैर जवाफदेहिताले सृजना गरेको भयावहका कारण आफ्नो बसस्थान गुमाएकी बालिकाका माध्यमबाट सामन्त र तिनका मतियारले देशको सञ्चालन र सुशासनका नाममा राज्यलाई लुटी आम नागरिकको जीवनसँगै नेपालआमालाई रूग्ण र दयनीय अवस्थामा पुऱ्याई राज्य र सत्ता दुवैलाई स्वार्थपूर्तिको अखाडा बनाएका सामन्तप्रतिको रोषपूर्ण प्रतिकारका रूपमा प्रस्तुत भएको छ । सत्ताले दिने बैधता र त्यसको उपभोगलाई मनोमानी ढङ्गले परिभाषित र परिचालन गरेका सामन्तवादी हरूको दमन र अनियमित गतिविधिका कारणले आक्रान्त र सन्त्रस्त बनेका नागरिकको समर्थन तथा सहानुभूति र दमनकारी राज्यको व्यवस्था र कानुन विहीनताप्रतिको आक्रोशपूर्ण लेखकीय विचारधारा यस साक्ष्यमार्फत् प्रस्तुत भएको छ । यसका अतिरिक्त समाख्याताले सत्ताले कुनै पहिचान र विशिष्ट जीवनचेतना नभएका विपन्न समुदायको मान्छे हुनुको पहिचान र वासस्थान दुवै नामेट गरी नेपालका नक्सामा नरहेको वस्तुतालाई आक्रोशित र प्रतिरोधात्मक विश्वदृष्टिको प्रस्तुतिसहित राज्यको दमनका कारण विस्थापित बनेका निरिह बालबालिकाको अन्योलग्रस्त भविष्यप्रति लक्ष्यित विश्वदृष्टिलाई परिधीय रूपमा कथामा प्रस्तुत गरेका छन् ।

**निष्कर्ष**

प्रस्तुत कथा पञ्चायती राज्य संयन्त्रबाट प्रताडित सामाजिक तथा राजनीतिक सन्दर्भसँग जोडिएको कथा हो । असमान आर्थिक वितरणबाट पीडित रहेका पहाडी ग्रामीण समुदायबाट सहज जीवनयापनको खोजीका लागि तराई क्षेत्रमा स्थानान्तरित भई आर्थिक समस्या कै कारण झोडा फाँडेर जीवनको आधार खोज्ने भूमिहीन सुकुम्बासीको जीवनपद्धतिलाई विषयका रूपमा चयन गरी लेखिएको कथा हो । नेपालको पूर्वी तराईमा अवस्थित राजमार्गको उत्तरतर्फ रहेको चूरे पर्वतशृङ्खला तथा दक्षिणतर्फको फाँटमा लगाइएको मकैबाली एवं गाउँमा मेला लागेको प्रसङ्गले हिउँदकालीन यात्रावृत्तान्तको अंशका रूपमा कथाको कथ्य आएको छ । समाख्याताको आशयअनुसार गाउँका दूरदरारसम्म विस्तार भइनसकेको यातायात सञ्जालको अवस्थाले अल्पविकसित समय सन्दर्भलाई सङ्केत गरेको छ । समाजशास्त्रीय मान्यता अनुसार विश्वदृष्टि र त्यसको निर्माण प्रक्रियाले बाहिरको वास्तविक संसार/समाजभित्र पाइने विश्वदृष्टि र त्यसको निर्माण प्रक्रियासँग साधर्म्य/समानधर्मिता कायम गरेको हुन्छ । यही साधर्म्यलाई गोल्डम्यानले संरचनको समानधर्मिता भनेका छन् । यही संरचनाको समानधर्मिताको खोजी सहित्यको समाजशास्त्रमा गरिएको हुन्छ । साहित्यमा व्यक्त यही विचार र सामुहिक चेतना नै विश्वदृष्टि रहने मान्यताका सापेक्षतामा प्रस्तुत कथा सफल रहेको छ । यस कथाके समाख्याताले आफ्नो कुनै

पहिचान र विशिष्ट जीवनचेतना नभएका विपन्न समुदायको पहिचान र वासस्थान दुवै नेपालका नक्सामा नरहेको वस्तुतालाई आक्रोशित र प्रतिरोधात्मक विश्वदृष्टिको प्रस्तुतिसहित राज्यको दमनका कारण विस्थापित बनेका निरिह बालबालिकाको अन्योलग्रस्त भविष्यप्रति लक्ष्यित विश्वदृष्टि पनि परिधीय रूपमा कथामा आएको छ।

**सन्दर्भ सामग्रीसूची**

कडवेल, क्रिस्टोफर (सन् १९९०). *विभ्रम और यथार्थ*. (अनु. भववान सिंह). राजकमल प्रकाशन।

जैन, निर्मला, (सन् १९९२). *साहित्यका समाजशास्त्रीय चिन्तन*, हिन्दी माध्यम निर्देशनालय, दिल्ली विश्वविद्यालय।

उप्रेती, सञ्जीव, (२०६८). *सिद्धान्तका कुरा*, अक्षर क्रियसन्स।

पाण्डेय, ताराकान्त, (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन।

पाण्डेय, मैनेजर (सन् १९८८). *साहित्यमा समाजशास्त्रकी भूमिका*, हरियाना साहित्य अकादमी।

रूथ, जेन. (सन् १९९२) ख्यातिका अर्जन : लुसियन गोल्डम्यान. अनु. कृष्णदत्त शर्मा. *साहित्यका समाजशास्त्रीय चिन्तन*. हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय दिल्ली विश्वविद्यालय।

Gramsci, Antonio. (1973). *The Prison Notebook*: *Selection*. Trans. And Ed. Hoare and Smith, Lawrence and Wishart.

Eldri Jhon And Lizze. (2005). *Raymond Williams Making Connection*, E-Library edition.

Kanwar, Asha. (May, 1988). "Raymond Williams and the English Novel". *Social scientist*. Vol. 16, No. 5 pp 46–58.

Williams, Raymond. (1960). *Culture and society* (1780–1980). Anchor Book, Doubleday and Company Inc.

Lucian, Goldmann. (1980). *Essay on Methods in the Sociology of Literature*. Translated and Edited by William Q. Boelhower. Telos Press.
httpsM//en.wikipedia.org/wiki/Worldview